नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

## प्रेस विज्ञप्ति

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रुपमा सम्पादित कार्यहरुको सन्दर्भमा अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको लागि २८,७९,५९५ थान मेडिकल उपकरणहरु, १२,२४८ एम.टी.क्यू. अक्सिजन, १,२०० भायल्स रेम्डीसिभिर, १,२४५ के.जी. कोभिड-१९ टेस्ट किट र स्यानिटाईजर लगायतका औषधीहरु पैठारी भएको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार देशभर सबै अक्सिजन उद्योगहरु संचालनमा रहेका छन्। अक्सिजनको माग भन्दा उत्पादन बढी भैरहेको हुनाले हाल अस्पतालहरुमा अक्सिजन अभाव नभएको अवस्था छ। संयुक्त बजार अनुगमन टोली बाट अत्यावश्यक दैनिक उपभोग्य वस्तुको नियमित बजार अनुगमनको क्रममा जम्मा ४ वटा खाद्यान्न फर्मको अनुगमन भएकोमा २ वटा फर्मलाई रु. १०,००० जरिवाना गरिएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार गत २४ घन्टामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका साथै पोखरा, नेपालगन्ज, सुर्खेत र लुक्ला विमानस्थलबाट विभिन्न वायुसेवाले १२ आन्तरिक उडान भरी जम्मा ६६ यात्रुको उद्धार गरिएको र कुल उडानमध्ये मेडिकल उद्धार को उडान संख्या २ रहेको छ।

२०७८/०३/०२

किरणराज शर्मा
प्रवक्ता

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np